आज मिति २०७५ माघ २१ गते यस कैलाश गाउँकार्यपालिकाको सातौं कार्यपालिका बैठकका गाउँपालिका अध्यक्ष टंक वहादुर मुक्तान ज्युको अध्यक्षतामा देहायका कार्यपालिकाका सदस्यहरुको उपस्थितमा वैठक बसी निम्न प्रस्ताव थी छलफल गरि सर्वसम्मत निर्णय गरियो ।

स्थितः-

-श्री टंक वहादुर मुक्तान-अध्यक्ष

-श्री सुकुमाया थिङ्ग-उपाध्यक्ष

-श्री पेमा योन्जन-वडा अध्यक्ष-१

-श्री राजेन्द्र घिसिङ्ग- वडा अध्यक्ष-२

-श्री देव लाल बल- वडा अध्यक्ष-३

-श्री तिलक वहादुर मुक्तान- वडा अध्यक्ष-४

-श्री छेकु लामा- वडा अध्यक्ष-५

-श्री ठुलो कान्छा लामा- वडा अध्यक्ष-६

-श्री उदाश कुमार झ्लोन- वडा अध्यक्ष-७

०-श्री सुर्ज वहादुर थिङ्ग- वडा अध्यक्ष-८

१-श्री सुमन लटौला- वडा अध्यक्ष-९

२-श्री माणिक लाल मुक्तान- वडा अध्यक्ष-१०

१३-श्री लक्ष्मी मुक्तान-का.पा.सदस्य

१४-श्री आशिष प्रजा- का.पा.सदस्य

१५- श्री राममाया प्रजा- का.पा.सदस्य

१६-श्री फुलमाया सिन्तान- का.पा.सदस्य

१७-श्री गोविन्द बि.क.- का.पा.सदस्य

१८-श्री संगिता प्रजा- का.पा.सदस्य

१९-सदस्य सचिव श्री टंक वहादुर नेगी-प्र.प्र.अ.

२०-वैठक व्यवस्थापन सहायक-श्री चुन नारायण श्रेष्ठ-ना.सु.

## कार्यपालिकाको बैठकको एजेन्डाहरु

१, मनहरी महोत्सवको स्टल वापतको रकम सम्बन्ध ।

२, कैलाश गा.पा. वडा नं. १ र २ को बिद्युत लाईन जडान खर्च सम्बन्ध ।

३, गाउँपालिका वर्गिकरण विवरण सच्याउने संम्बन्धमा ।

४, शिक्षक दरबन्दी मिलान सच्याईएको बारे ।

५, शिक्षक तलव सम्बन्धमा ।

६, सोनाम ल्होछार तथा बुद्ध प्रतिमा स्थापना आर्थिक सहयोग सम्बन्धमा ।

७, खोप तथा औषधी ढुवानी सम्बन्धमा ।

८, फिल्ड कर्मचारी ( योजना प्राविधिक) लाई बन्दोबस्तीको सामान खरिद सम्बन्धमा ।

९-, अ.न.मी. को राजिनामा सम्बन्धमा ।

१०- स्थानीय तह जनप्रतिधि लोगो तथा सहयोगापेक्षी सडक मानवमुक्त सम्बन्धमा ।

११- आधारभूत शिक्षा परिक्षा संञ्चालन सम्बन्धमा ।

१२- सेवा सुबिधा रोक्का सम्बन्धमा ।

१३- गाउँ सभा सम्बन्धमा ।

१४- योजना माथीको उजुरी सम्बन्धमा ।

### निर्णयहरु:-

नि.नं.-०१:-प्र.नं.१ माथी छलफल गर्दा मनहरी महोत्सवमा यस गाउँपालिकाले कृषि उपजहरुको विशेष प्रदशनी स्टल राखे बापत रु.५००००।– (पचास हजार) माग गरेकोमा उक्त रकम भैपरी (चालु खर्च) बजेटवाट चौथो मनहरी महोत्सवलाई भुक्तानी दिने निर्णय गरियो ।

नि.नं.०२:-प्र.नं.२ माथी छलफल गर्दा यस गाँउपालिकाको वडा नं.१र २मा विधुत विस्तार जडान खर्च प्राविधिकको ल.ई. बमोजिम रु.४५४२४२।– भएकोमा उक्त योजना संचालन उपभोक्ता समितिवाट गर्नको लागी बजेट विनियोजन आकष्मिक कोषबाट गर्ने निर्णय गरियो।

नि.नं.०३:-प्र.नं.३ माथी छलफल गर्दा यस गाउँपालिकालाई सुचकको आधारमा नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट ग वर्गमा समावेश गरेकोमा यस गाउँपालिकामा आधारभुत सेवा (सडक,विधुत,शिक्षा,स्वास्थ्य,संचार) कम सुविधा भएकोमा ख वर्गमा समावेश गराउन सुचना अनुसार विवरण तयार गरि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं.०४-प्र.नं. ४ माथी छलफल गर्दा गाउँकार्यपालिकाको मिति २०७५।०५।१८ गतेको शिक्षक दरवन्दी मिलान सम्वन्धी टिप्पणीमा मिति २०७५।१०।२१ गतेकोको कार्यपालिकाको वैठकले तपसिल बमोजिम सच्च्याउने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

१-श्री सुन्दरीदेवी आ.वि.को शिक्षक श्री शर्मिला गोलेलाई श्री कृष्ण आ.वि.मा पठाउने निर्णयलाई सच्चयाई सोही विधालयमा राख्ने निर्णय गरियो ।

२-श्री धुवाङ मा.वि.मा सरुवा गरिएको शिक्षक श्री सृजना पुडासैनीलाई सुन्दरीकाली प्रा.वि.मा पठाउने निर्णय गरियो ।

३-श्री तिलेश्वर महादेव प्रा.वि.दुर्म्सीखर्क गोगनेको बालविकास सहयोगी कार्यकर्तालाई श्री कालीदेवी प्रा.वि.गोगनेमा लैजाने निर्णय गरियो ।

नि.नं.-०५-प्र.नं.०५ माथी छलफल गर्दा शिक्षक श्री मोहन शिवाकोटी,सम्झना भट्ट र रामनाथ गौतम कार्यपालिकाको मिति २०७५।५।१८ गतेको टिप्पणी अनुसार दरवन्दी मिलान सरुवा गरि पठाएको विधालयमा हाल सम्म पनि कार्यरत विधालयवाट रमना लिई सम्वन्धित विधालयमा हाजिर नहुन्जेल सम्म तलव भत्ता रोक्का गर्ने निर्णय गरियो ।

नि.नं.०६-माथी छलफल गर्दा सोनाम ल्होछार वुद्द प्रतिमा कैलाश-६ गल्छीले आर्थिक सहयोगको लागी माग गरेकोमा यस गाँउपालिकाको भैपरी (चालु खर्च) शिर्षकवाट रु.५००००।-(पचास हजार) आ.सा.रकम दिने निर्णय गरियो।

नि.नं.०७-माथी छलफल गर्दा यस गाउँपालिकाको वडा नं.०४ धुसाराङ टोलमा विगत समय देखी दादुरा,रुवेला रोग फैलि त्याँहाका जनताहरु पिडित भएकोले उक्त क्षेत्रमा अभियान चलाई खोप तथा उपचारको व्यवस्था मिलाउन यस गाउँपालिकाको आकष्मिक कोष (पुर्वाधार बिकास पुजिगत) बाट रु.१०००००।(एक लाख) र स्वास्थ्य चौकीहरुमा खोप तथा औषधी ढुवानी व्यवस्थाको लागी आकष्मिक कोष (पुर्वाधार बिकास पुजिगत) बाट रु.१०००००।-(एक लाख) बिनियोजन गर्ने निर्णय गरियो ।

नि.नं.०८- माथी छलफल गर्दा गाउँपालिकाका फिल्डमा खटिने प्रविधिक (योजना) कर्मचारीहरुलाई वन्दोबस्तीको सामान(झोला,स्लपिङ ब्याग,छाता अन्य सामान) खरिद गरि उपलव्ध गराउन योजनाको कन्टेजेन्सी रकमबाट रु.१०००००।-(एक लाख) बिनियोजन गर्ने निर्णय गरियो ।

नि.नं.०९-यस माथी छलफल गर्दा डाँडाखर्क स्वास्थ्य चौकीमा करारमा कार्यरत अ.न.मी. राधिका लामाले मिति २०७५।१०।१ गते देखी काम नगर्ने मौखिक जानकारी दिएको भनी स्वास्थ्य चौकि डाडाखर्कवाट लेखी आएकोले निजको करार सेवा उक्त मिति देखी करार अवधि समाप्त गर्ने र उक्त केन्द्रमा अर्को अ.न.मी.को व्यबस्था गाउँपालिकाको पदपुर्ति समितिबाट छनौट भएका मौजुदा वैकल्पिक उम्मेद्वारलाई पहिलो प्राथमिक्ताको आधारमा करार सेवामा नियुक्ती दिने निर्णय गरियो ।

नि.नं.१०-यस माथी निर्णय गर्दा जनप्रतिनिधीहरुको लोगो व्याच venus printers वाट प्राप्त भएको ५५ थानको रु.५५००।-(पाचँ हजार पाच सय) बिलको रकम भुक्तानी दिने निर्णय गरियो।

साथै सहयोगापेक्षी मानवमुक्त जिल्ला घोषणाको लागी यस गाउँपालिकाबाट रु.५००००।-(पचास हजार) अन्य संस्था अनुदान शिर्षकवाट जिल्ला समन्वय समितिलाई दिने निर्णय गरियो ।

नि.नं.-११-यस माथी छलफल गर्दा गाउँपालिका क्षेत्र भित्रका आधारभुत ८ कक्षा परिक्षा संचालन तथा व्यवस्थापनको लागी शसर्त अनुदान बजेट वाट नपुग हुने रकम रु.११५४६२।-(एक लाख पन्ध्र हजार चार सय वैसठ्टी) सामाजिक बिकास शाखावाट बजेट माग गरेकोमा उक्त रकम विबिध खर्च (चालु) शिर्षकवाट दिने निर्णय गरियो ।

नि.नं.१२- यस माथी छलफल गर्दा कैलाश गापा-४ स्थित श्री तिलेश्वर आधारभुत विधालय ताप्केविड का भु.पु.प्र.अ.श्री रामेश्वर प्रसाद यादवले किर्ते ठगी गरी विधालयको बिभिन्न शिर्षकको रकम रु.५,०९,५९६।(पाँच लाख नौ हजार पाच सय छयानब्बे) हिनामिना गरेको व्यहोरा विधालयवाट लेखी आएकोमा निजले पाउने नेपाल सरकारबाट पाउने सबै सेवा सुविधा यस गाउँपालिकावाट रोक्का गर्ने निर्णय गरियो ।

नि.नं.१३-यस गाउँकार्यपालिकाको मिति २०७५।१०।०३ गतेको निर्णय बमोजिम गाउँपालिकाको चौथो गाउँसभा मिति २०७५।१०।२६ गते मिति तय भएकोमा विबिध कारणले गर्दा अर्को सुचना नभए सम्मको लागी हाललाई स्थगन गर्ने आजको वैठकवाट सर्वसम्मत निर्णय गरियो ।

नि.नं.१४-प्र.नं. १४ माथी छलफल गर्दा यस गाउँपालिकावाट संचालन भएका केही योजनाहरुको विषयमा छलफल गराई पाउन गाउँपालिकामा निवेदन पर्न आएकोमा उक्त निवेदन उपर सम्बन्धित व्यक्तीहरुलाई छलफल गराई सोही वडामा सक्कल निवेदन सहित आबश्यक निर्णय गराउनको लागी पठाउने निर्णय गरियो ।

उपरोक्त निर्णय गरि आजको वैठक समाप्त गरियो ।